## गाउँ कार्यपालिकाको १५औं बैठकको निर्णय

**निर्णय नं १.**

सुनछहरी प्राविधिक शिक्षालय घोराही दाङले प्राविधिक शिक्षा अध्ययनका लागि गाउँपालिकाभित्रबाट ३ छात्रा र ३ छात्र गरि जम्मा ६ जना विद्यार्थिको लागि गाउँपालिकाले रु२,११,५००/- भुक्तानी गर्ने गरि प्रस्ताव पेश गरेको र सो अनुसार वडाबाट विद्यार्थि छनौट गरि पठाउने भनि कार्यपालिकामा निर्णय भएकोमा विद्युत टेक्निशियन कोर्षमा २ जना उद्यम विकास सहजकर्तामा ८ जना गरि जम्मा १० जना विद्यार्थिले अध्ययन गर्ने इच्छा देखाइ वडा कार्यालयको सिफारिस सहित आएकोले ती विद्यार्थीहरुलाई उक्त प्राविधिक शिक्षालयमा अध्ययनको लागि पठाइएको हुँदा प्राविधिक शिक्षालयबाट लाग्ने शिक्षण शुल्कको सम्बन्धमा जम्मा रु ६,७५,०००/- को ७५ प्रतिशतले  हुन आउने रु ५,०६,२५०/- को नयाँ प्रस्ताव पेश भइ आएको हुनाले सो सम्बन्धमा शिक्षालयको प्रस्ताव अनुसार किस्तामा रकम उपलब्ध गराउन गरि सम्झौता गर्ने र भुक्तानी गर्दा अनुगमन गरि बास्तविक संख्याका आधारमा भुक्तानी गर्ने।

**निर्णय नं २**

रुन्टीगढी गाउँपालिका गाउँ कार्यपालिकाले आबश्यकता महशुस गरि निर्माण गरेका मस्यौदाहरु विधायन समितिमा दफावार छलफल भइ आबश्यक सुधार गरि प्रतिवेदन सहित पारितका लागि पेश भएका देहायका कानूनहरु स्वीकृत गर्ने।

तपसिलः

१ गैर सरकारी संस्थाहरुसँग समन्वय, नियमन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९

२ आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०७९

**निर्णय नं ३**

रुन्टीगढी गाउँपालिकामा बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षाको समितिको सिफारिस अनुसार बहुक्षेत्रीय पोषण अन्तर्गत आ ब २०७९।८० को लागि रु १६ लाख रुपैया र गाउँपालिकाबाट रु २६ हजार गरि जम्मा रु १६ लाख २६ हजारको तपसिल बमोजिमको कार्यक्रम पारित गर्ने।

**निर्णय नं ४**

रुन्टीगढी गाउँपालिकामा संचालन भएको सुरक्षित आप्रवासन कार्यक्रम (सामि) लाई रोजगार सेवा केन्द्रबाट हेर्ने गरि तोक्ने । ।

निर्णय नं ५

हिल स्टेशन निर्माण सम्बन्धमा यस अघि भएको निर्णय अनुसारको योजना कार्यान्वयन गर्न व्यवहारिक कठिनाइ देखिएको हुँदा होलेरी बजारको सब डिभिजन बन कार्यालय नजिकबाट हेलिप्याड साइड जान सिडि निर्माण गर्ने साथै गुराँस पार्क निर्माण सम्बन्धी विनियोजन भएको बजेटबाट गुराँस फुल्ने खास क्षेत्र घुम्न मिल्ने गरि गोरेटो बाटो, राजाको पानी रहेको स्थानबाट गढीलेक सम्म पुग्नको लागि पुरानो बाटोमा सिडी निर्माण र गुराँस फुल्ने डाँडाहरुमा आराम तथा विश्राम गर्नका लागि फलामका बेन्चहरु राख्ने गरि सिफारिस गर्ने।

निर्णय नं ६

रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुमा झोलुङ्गे पुल निर्माणका लागि शहरी विकास मन्त्रालयले आबश्यक संख्यामा झोलुङ्गे पुल माग गरि पठाउने भनि आएको पत्रानुसार यस गाउँपालिकामा तपसिल बमोजिमका वडाहरुमा निर्माण गर्ने गरि झोलुङ्गे पुल माग गर्ने ।

| क्र स | स्थान | वडा नं |
|---|---|---|
| १ | राङजात देखि रिठडाँडा जोड्ने झोलुङ्गे पुल निर्माण | वडा नं १ |
| २ | गारवाङ खोलामा झोलुङ्गे पुल निर्माण | वडा नं २ |
| ३ | अरङखोला गनारी बरथान झोलुङ्गे पुल निर्माण | वडा नं ३ |
| ४ | वडा नं ४ र ५ जोड्ने अरङखोला झोलुङ्गे पुल निर्माण | वडा नं ५ |
| ५ | असुरीखोलामा झोलुङ्गे पुल निर्माण | वडा नं ६ |
| ६ | लामो ढुङ्गा मेलटाकुरा जोड्ने झोलुङ्गे पुल निर्माण | वडा नं ८ |

निर्णय नं ७

यस रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अबस्था र घरको आयस्रोतलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७५ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

| क्र सं | नामथर | ठेगाना | समस्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | नन्द कुमार घर्ति | रुन्टीगढी ५ रोल्पा | मुटुको समस्या | रु.५,०००/- | |
| २ | टिकाराम सार्की | रुन्टीगढी ६ रोल्पा | अल्सरको विरामी | रु.४,०००/- | |
| ३ | कृष्ण बहादुर बुढा | रुन्टीगढी ६ रोल्पा | एनिमियाको विरामी | रु.८,०००/- | |
| ४ | टंके कामी | रुन्टीगढी १ रोल्पा | संरक्षकको अभाव | रु.१०,०००/- | |
| ५ | ध्रुब गन्धर्ब | प्युठान | आर्थिक अभाव | रु.६,०००/- | |

निर्णय नं ६

रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुमा झोलुङ्गे पुल निर्माणका लागि शहरी विकास मन्त्रालयले आबश्यक संख्यामा झोलुङ्गे पुल माग गरि पठाउने भनि आएको पत्रानुसार यस गाउँपालिकामा तपसिल बमोजिमका वडाहरुमा निर्माण गर्ने गरि झोलुङ्गे पुल माग गर्ने ।

| क स | स्थान | वडा नं |
|---|---|---|
| १ | राङजात देखि रिठडाँडा जोड्ने झोलुङ्गे पुल निर्माण | वडा नं १ |
| २ | गारवाङ खोलामा झोलुङ्गे पुल निर्माण | वडा नं २ |
| ३ | अरङखोला गनारी बरथान झोलुङ्गे पुल निर्माण | वडा नं ३ |
| ४ | वडा नं ४ र ५ जोड्ने अरङखोला झोलुङ्गे पुल निर्माण | वडा नं ५ |
| ५ | असुरीखोलामा झोलुङ्गे पुल निर्माण | वडा नं ६ |
| ६ | लामो ढुङ्गा मेलटाकुरा जोड्ने झोलुङ्गे पुल निर्माण | वडा नं ८ |